**नेपाल सरकार**
**राष्ट्रिय परीक्षा बोर्ड**
**परीक्षा नियन्त्रण कार्यालय कक्षा १०**
**सानोठिमी, भक्तपुर**

## २०७५ सालको माध्यमिक शिक्षा परीक्षा (नियमित, ग्रेडबृद्धि तथा प्राविधिक) को समय तालिका सम्बन्धी सूचना

राष्ट्रिय परीक्षा बोर्डको मिति २०७५/८/१२ को निर्णयानुसार २०७५ सालको माध्यमिक शिक्षा परीक्षा (SEE) कक्षा १० को परीक्षा देहायबमोजिमको समय तालिका अनुसार सञ्चालन गर्ने-गराउने निर्णय भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

## समय तालिका

**परीक्षा सञ्चालन समय : बिहान ८.०० बजे देखि ११.०० बजेसम्म**

| क्र.सं | मिति | विषय |
|---|---|---|
| १ | २०७५ साल चैत्र १० गते आइतबार | अनिवार्य अङ्ग्रेजी |
| | | वेदविद्याश्रमतर्फ : अनिवार्य संस्कृत भाषा र साहित्य/अनिवार्य अङ्ग्रेजी |
| २ | २०७५ साल चैत्र ११ गते सोमबार | अनिवार्य नेपाली |
| | | गैर नेपाली विद्यार्थीहरूका लागि अङ्ग्रेजी ( Elective English) |
| ३ | २०७५ साल चैत्र १३ गते बुधबार | अनिवार्य गणित |
| ४ | २०७५ साल चैत्र १४ गते बिहीबार | अनिवार्य विज्ञान |
| | | वेदविद्याश्रमतर्फ : अनिवार्य संस्कृत व्याकरण तथा अनुवाद |
| ५ | २०७५ साल चैत्र १५ गते शुक्रबार | अनिवार्य सामाजिक अध्ययन |
| | | प्राविधिक तर्फ : Farm Management and Marketing/Engineering Drawing/Computer Repair and Maintenance,Basic Music |
| ६ | २०७५ साल चैत्र १६ गते शनिबार | अनिवार्य स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षा |
| | | वेदविद्याश्रमतर्फ : कर्मकाण्ड/ फलित ज्योतिस |
| | | संस्कृततर्फ : अनिवार्य संस्कृत भाषा |
| | | प्राविधिक तर्फ : Aquaculture and Fisheries/Electrical Measurement and Instrument/Computer Networks/Engineering Surveying,Music of Nepal |
| ७ | २०७५ साल चैत्र १७ गते आइतबार | साधारण तथा संस्कृततर्फ : ऐच्छिक प्रथम पत्रका सवै विषयहरु, |
| | | वेदविद्याश्रमतर्फ : बेद वा नीतिशास्त्र |
| | | प्राविधिक विषयतर्फ : ऐच्छिक गणित (Optional Maths) |
| ८ | २०७५ साल चैत्र १८ गते सोमबार | साधारण तथा संस्कृततर्फ : ऐच्छिक द्वित्तीय पत्रका सबै विषयहरु |
| | | वेदविद्याश्रमतर्फ : ऐच्छिक द्वित्तीय पत्रका सबै विषयहरु |
| | | प्राविधिक विषयतर्फ : Vegetable and Medicinal plant Production / Dairy and Dairy Products/ Utilization of Electrical Energy/ Database management System/ Building Construction / Music Technology |
| ९ | २०७५ साल चैत्र १९ गते मंगलबार | प्राविधिक विषयतर्फ : Crop production/ Small Ruminant Production and Management / Electronic device and circuit /Water resources Engineering/ Instrument Keyboard |
| १० | २०७५ साल चैत्र २० गते बुधबार | प्राविधिक विषयतर्फ : Industrial Entomology and Mushroom /Animal health–II /Electrical Machine/ Microprocessor/ Highway Engineering/ Music Business and Program Management |
| ११ | २०७५ साल चैत्र २१ गते विहिबार | प्राविधिक विषयतर्फ : Floriculture and Nursery Management/ Veterinary Laboratory Techniques/ Industrial Installation and Maintenance/ Object Oriented Programming/ Estimating Costing and Supervision/ Optional subject (Singing, Musical Instrument, Dance) |

**द्रष्टव्य**

१. कुनै आकस्मिक बिदा पर्न गएमा पनि परीक्षा नियन्त्रण कार्यालयको पूर्वसूचना विना परीक्षा स्थगित हुनेछैन।

२. नियमित तथा ग्रेडबृद्धि दुबै समूहतर्फको परीक्षा उल्लिखित तालिकाअनुसार एउटै समयमा नियमितको नयाँ पाठ्यक्रम र ग्रेडबृद्धिको नयाँ तथा पुरानो दुबै पाठ्यक्रममा आधारित प्रश्नहरुबाट हुनेछ। पुरानो पाठ्यक्रमबाट ग्रेडबृद्धि परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुलाई जिल्ला सदरमुकाम वा जिल्लाका सबै विद्यालयहरुलाई पाएक पर्ने गरी एउटै परीक्षा केन्द्रमा राख्नु पर्नेछ।

३. परीक्षा हलमा प्रवेश गर्न प्रवेशपत्र अनिवार्य हुनेछ ।

४. परीक्षा केन्द्रहरुको जानकारी सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइहरुबाट हुनेछ ।

५. तोकिएको केन्द्र र तालिकाअनुसार परीक्षामा सामेल नहुने परीक्षार्थीहरुलाई परीक्षाको अर्को व्यवस्था गरिने छैन ।

६. प्रवेशपत्रमा उल्लेख भएको सिम्बोल नम्बरबाट नै परीक्षा दिनुपर्नेछ । प्रवेशपत्रमा उल्लेखित सिम्वबोल नम्वर परिवर्तन हुने छैन । कोड नम्बरमा परीक्षा दिएमा सो परीक्षा स्वतः रद्द हुनेछ ।

७. नियमित तथा ग्रेडबृद्धि दुबै समूहका परीक्षार्थीहरुको परीक्षा केन्द्र परिवर्तन हुनेछैन ।

८. परीक्षा सम्बन्धी कुनै कुरा स्पष्ट नभएमा राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १०, सानोठिमीको फोन नं. (६६३०७३९, ६६३००७०, ६६३११४६) मा सम्पर्क गर्न सकिनेछ । यो विवरण राष्ट्रिय परीक्षा बोर्डको website: www.neb.gov.np तथा परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को website: www.soce.gov.np मा पनि हेर्न सकिनेछ ।

परीक्षार्थीले रजिष्ट्रेशन/आवेदन फारम भर्दा फारममा उल्लेख गरेको जन्ममिति वा नाम थरको हिज्जे यस कार्यालयबाट उपलब्ध गराइएको कन्ट्रोल लिष्टसँग रुजु गरी फरक पाइएमा र उक्त फरक परेको विवरण संशोधन गर्नुपर्ने भएमा सम्बन्धित विद्यालयले संशोधन गर्नुपर्ने विवरण २०७६ साल बैशाख मसान्तभित्रमा यस कार्यालयमा आइपुग्ने गरी पठाउनुहुन अनुरोध छ । अन्यथा उक्त विवरण संशोधन गर्न नसकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**- परीक्षा नियन्त्रक**